मितिः २०८२/०१/१६

समयः बिहान ८.०० बजे

स्थानः नागार्जुन नगरपालिका

नागार्जुन नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री सुशिला अधिकारीज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक तपसिलमा उल्लेखित पदाधिकारीहरूको उपस्थितीमा बसि देहायको निर्णय गरियो ।

**तपसिलः-**

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री सुशिला अधिकारी | कार्यवाहक नगर प्रमुख | |
| २ | श्री महेश रिमाल | प्रवक्ता एवम् वडा अध्यक्ष वडा नं. ५ | |
| ३ | श्री रामेश्वर लामा | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | श्री थुमराज के.सी. | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | श्री उमेश लामा | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | श्री लक्ष्मीराम शर्मा पौडेल | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | श्री देवेन्द्रराज गिरी | वडा अध्यक्ष, वडा नं ६ | |
| ८ | श्री भगवानराज घले | का.वा. वडा अध्यक्ष, वडा नं ७ | |
| ९ | श्री सुरज कुमार पोखरेल | वडा अध्यक्ष, वडा नं ८ | |
| १० | श्री रामकृष्ण भट्टराई | वडा अध्यक्ष, वडा नं ९ | |
| ११ | श्री सुन्दर बहादुर के.सी. | वडा अध्यक्ष, वडा नं १० | |
| १२ | श्री शोभा नेपाली | नगरकार्यपालिका सदस्य | |
| १३ | श्री इशु खड्का | नगरकार्यपालिका सदस्य | |
| १४ | श्री कल्पना बसेल | नगरकार्यपालिका सदस्य | |
| १५ | श्री हुम्जला राई | नगरकार्यपालिका सदस्य | |
| १६ | श्री चन्दा सुनार | नगरकार्यपालिका सदस्य | |
| १७ | श्री अम्विका सुनचिउरी गजमेर | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री रमेश बसेल | नगरकार्यपालिका सदस्य | |
| १९ | श्री शिव प्रसाद रिजाल | प्रमुख प्रशासकीय अधिकृत एवम् सदस्य सचिव | |

# निर्णयहरू:

**निर्णय नं. १**

गत मिति २०८१/१२/१७ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं. २**

यस नगरपालिका अन्तर्गत तपसिलमा उल्लेखित संघसंस्थाहरूबाट निम्न कार्यक्रम सञ्चालन गर्नको लागि बजेट माग गरी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उल्लेखित कार्यहरू गर्नको लागि निम्न शिर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी कार्यक्रमहरू सञ्चालन तथा सामाग्रीहरू खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

**सामाग्रीहरू माग तर्फ**

| सि.नं. | निवेदकको नाम | कार्यक्रम/माग | बजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | थकाली मार्ग बाटो स्तरउन्नती वडा नं. ५ उ.स. | DWC पाईप १८० मिटर (५०० एम.एम.) | ढल, पाईप, बाजागाजा, ट्यांकी खरिद/साउण्ड सिस्टम तथा हार्मोनियम, मादल, बाजा आदी लगायतका सांस्कृतिकजन्य सामाग्री खरिद कार्यक्रम | स्वीकृत माग फाराम बमोजिम |
| २ | कल्लाबारी पोखरी डाडा सडक खण्डमा वर्षातको पानी व्यवस्थापन वडा नं. ६ | DWC पाईप ११२ मिटर (४०० एम.एम.) | | |
| ३ | तिनधारा मुल सडक भित्री ढल व्यवस्थापन वडा नं. ३ | DWC पाईप ४४.५० मिटर (४०० एम.एम.) | | |
| ४ | थाप्ले उपभोक्ता समिति वडा नं. ८ | HDPE पाईप १२०० मिटर (२० एम.एम.) PN6 | | |

**निर्णय नं. ३**

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको मिति २०८२/०१/०५ गतेको सडक आश्रित बालबालिका मुक्त स्थानीय तह घोषणा सम्बन्धि प्राप्त भई बैठकमा छलफल गरियो ।

**निर्णय नं. ४**

यस नगरपालिका अन्तर्गत ५ नं. वडा कार्यालयको सिफारीस पत्रानुसार सरस्वती चोकबाट आदेश्वर जाने बाटोमा ढल मंगाल बिग्रीएको कारणले सवारी आवागमनका साथै दुर्गन्ध समेत फैलिएकोले तत्काल ढल मंगाल मर्मत गर्नको लागि यस नगरपालिकाको मिति २०८१/०९/२२ गतेको निर्णयानुसार सम्बन्धित वडाका वडा सचिवको नाममा कार्यदिश दिई कार्य गराईएकोमा हाल उक्त कार्य सम्पन्न भई बिल भर्पाई सहित रकम भुक्तानीको लागि निवेदन पेश भएकोले सो निर्णयलाई अनुमोदन गरी यस नगरपालिकाको प्रकोप व्यवस्थापन कोषमा विनियोजित बजेटबाट खर्च हुने गरी उल्लेखित कार्यको भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

नागार्जुन नगरपालिकाको नवौं नगर सभाबाट स्वीकृत भएका संलग्न म.ले.प.फाराम नं. ३०४ बमोजिमका (सूची बेग्लै रहेको) योजना तथा कार्यक्रमहरू संलग्न म.ले.प.फाराम नं. ३०४ को सूचीमा रहेका योजना तथा कार्यक्रममा संशोधन/रकमान्तर/स्रोतान्तर/शीर्षकान्तर गर्नको लागि पेश भए बमोजिम संशोधन/रकमान्तर/स्रोतान्तर/शीर्षकान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

नागार्जुन नगरपालिका मध्यकालिन खर्च संरचना तयार गर्नको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस नगरपालिका अन्तर्गत सेवा प्रदान गर्दै आएका ९५ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकामध्ये १९ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू नागरिकताको आधारमा ६० वर्ष उमेर पुगेकोले राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका रणनीति, २०६७ (पहिलो संशोधन २०७६) अनुसार महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूले स्वास्थ्य क्षेत्रमा पुर्याउँदै आएको योगदानको उच्च कदर गर्दै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई सम्मान जनक बिदाईको लागि जनस्वास्थ्य कार्यालय, काठमाडौंमा सिफारीस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

नागार्जुन नगरपालिका अन्तर्गत तपसिलमा उल्लेखित वडाहरूमा तपसिलमा उल्लेखित योजनाहरू ५०/५० प्रतिशतमा लागत साझेदारीमा योजना सञ्चालन गर्नको लागि उपभोक्ताहरूको निवेदन पेश भएकोमा नगरपालिकाको नीति अनुसार ५० प्रतिशत सहभागिता उपभोक्ताबाट व्यहोर्ने गरी योजना सञ्चालन गर्न माग भएमा सोलाई प्राथमिकता दिने नीति रहेकोले निम्न योजनाहरूलाई लागत साझेदारीमा सञ्चालन गर्न नागार्जुन नगरपालिकाको वार्षिक नगर सभा पुस्तिकाको पेज नं. ९८ सि.नं. ३५८ को जनसहभागिता शिर्षकमा विनियोजित बजेटबाट देहाय बमोजिम हुने गरी उल्लेखित योजना सम्झौता गरी कार्य अगाडि बढाउने निर्णय गरियो । **तपसिल:**

| सि.नं. | योजनाको नाम | वडा नं. |
|---|---|---|
| १ | तिनधारा नजिक शाखा सडक ढल व्यवस्थापन कार्य | १ |
| २ | वडा नं. ६ सिभिल होम जाने बाटो नजिक सडक स्तरोन्नती | ६ |
| ३ | जोर गणेशबाट बस्ती जाने सडक स्तरोन्नती | ६ |

**निर्णय नं. ९**

यस नगरपालिका वडा नं. २ र ३ को सिमानामा रहेको लसुनपुरे सडक स्तरोन्नतीको क्रममा तत्काल ढल व्यवस्थापन गरी सडक ढलान कार्य गरिएकोले उक्त बखत खरिद गरिएकोमा रू.९५,३२६.८/- (पन्चानब्बे हजार तिन सय छबिस रूपैंया आठ पैसा) बराबरको **DWC Pipe** ३०० एम. एम. २४ मिटरको रकम यस नगरपालिकाको ढल, पाईप, बाजागाजा, ट्यांकी खरिद/साउण्ड सिस्टम तथा हार्मोनियम, मादल, बाजा आदी लगायतका सांस्कृतिकजन्य सामाग्री खरिद कार्यक्रम शिर्षकमा विनियोजित बजेटबाट भुक्तानी दिने निर्णय अगरियो ।

**निर्णय नं. १०**

विद्यालय शिक्षा विधेयक जारी गर्ने माग सहित मिति २०८१।१२।२० गते देखि सञ्चालित शिक्षक आन्दोलनबाट प्रत्यक्ष रुपमा प्रभावित बनेको विद्यालय सञ्चालनको सन्दर्भमा मिति २०८२।०१।११ गतेको सम्मानित सर्वोच्च अदालतबाट आदेश प्राप्त भएको मितिले ३ दिन भित्र आन्दोलनरत शिक्षकहरु विद्यालयमा फर्की नियमित पठनपाठन गर्ने वातावरण सुनिश्चित गर्नु र देश भरीका बालबालिकाहरुलाई विद्यालयमा नियमित पठनपाठन गर्न पाउने हकबाट वञ्चित नगर्नु नगराउनु भनि भएको आदेश बमोजिम यस नगरपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयहरु मिति २०८२।०१।१७ गतेबाट विद्यार्थी भर्ना, नियमित पठन पाठन लगायतका सम्पूर्ण शैक्षिक क्रियाकलापहरु पूर्ण रुपमा सञ्चालन गर्नु गराउनुहुन सूचना संप्रेषण गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

मिति २०७८/०६/१८ मा काठमाडौं महानगरपालिका, मानवसेवा आश्रम र नागार्जुन नगरपालिका बीच त्रिपक्षीय सम्झौतासँगै काठमाडौं महानगरपालिकाबाट तयार भएको DPR यस नगरपालिकालाई हस्तान्तरण भई प्रकृया सुरु भएको शहिद धर्मभक्त माथेमा मानवसेवा आश्रम भवन निर्माण कार्यका लागि १८ महिनामा सम्पन्न गर्ने गरी मिति २०७९/०३/२८ मा व्यवसायी श्री हनुमान कन्स्ट्रक्सन, ललितपुरसँग सम्झौता भएको ।

सम्झौता पश्चात् निर्माण व्यवसायीले निर्माण कार्य प्रारम्भ गर्न लाग्दा बाटो, सामुदायिक भवन, मन्दिर, अन्न बाली क्षतिपूर्ति, जग्गा सिमाना एकिन नभएको आदि कारणले निर्माण कार्य अगाडि बढ्न नसकेकोमा नापी कार्यालय, कलंकीलाई पटक पटक अनुरोध गरी मिति २०७९/०७/०३ मा जग्गा नापजाँच गरी मिति २०८०/०१/१४ मा सरोकारवाला, स्थानीय बासिन्दाहरूसँग बैठक बसी स्थानीयको माग बमोजिम मन्दिर, बाटो, निर्माण कार्य अगाडि बढाउने निर्णय भएको तथा निर्माण कार्यमा सहयोग गर्न समिति समेत गठन भई नगरपालिकाबाट बाटो निर्माण भए पछि निर्माण कार्य सुरू हुन लाग्दा नागार्जुन शिवपुरी राष्ट्रिय निकुञ्ज कार्यालयको सहमति बेगर निर्माण कार्य सुरु हुन लागेको भनि निर्माण कार्य रोक्ने आदेश दिएकोमा यस कार्यालयबाट सहमतिको लागि पत्राचार हुँदा वातावरणीय अध्ययन प्रतिवेदन र जग्गाको स्वामित्व सम्बन्धित प्रतिवेदन/कागजातहरु पेश भए पश्चात मात्र सहमति दिन सकिने व्यहोराको पत्र मिति २०८०/०९/०४ मा प्राप्त भएको थियो। तत्काल संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने प्रक्रिया अघि बढाइएको र मिति २०८१/०१/२८ मा जिल्ला समन्वय समिति, काठमाडौंबाट स्वीकृत भई शिवपुरी राष्ट्रिय निकुञ्ज कार्यालय, पानी मुहानमा उक्त प्रतिवेदन सहित भवन निर्माणको सहमतिको लागि मिति २०८१/०२/०२ मा पुनःपत्राचार भएको छ । यस बीचमा निर्माण व्यवसायीबाट साईट, उपलब्ध गराई तत्काल निर्माण कार्य सुरू गर्ने वातावरण बनाई दिन आग्रहको साथै क्षतिपूर्ति दावी समेतको पत्रहरू पटक पटक दर्ता हुन आएका छन् । काठमाडौं महानगरपालिकाबाट तयार भएको विस्तृत परियोजना प्रतिवेदन बमोजिम Building Layout गर्न लाग्दा नक्सा अनुसार Field नमिलेको पाइएपछि तत्काल काठमाडौं महानगरपालिकामा उक्त व्यहोरा जानकारी गराईएकोमा शहरी योजना आयोगका प्रमुख श्री सुमन नरसिंह राज भण्डारीबाट मिति २०८०/११/२३ मा स्थलगत निरिक्षण भई निकै भिरालो तथा Filling मा भवन निर्माण गर्नुपर्ने भएकोले पूर्वत रूपमा Layout हुन नसक्ने हुँदा नक्सा/लागत अनुमान संशोधन गर्नुपर्ने राय सुझाव प्राप्त भएको तथा मिति २०८१/०१/१८ मा काठमाडौं महानगरपालिकाका उपप्रमुख श्री सुनिता डंगोलको संयोजकत्वमा बैठक बसी तुरून्तै निर्माण कार्य अगाडी बढाउन आवश्यक प्रक्रिया सुरु गर्न शहरी योजना आयोगलाई निर्देशन भएको। सोहि बमोजिम field survey गर्ने सन्दर्भमा संधियार श्री कैलाश चन्द्र गोयलले आफ्नो जग्गा मिचिएको जानकारी गराउन आएपछि नापि कार्यालयका प्रतिनिधि समेतको उपस्थितिमा पुनःनापी गरी जग्गा छुट्टयाउने कार्य भए अनुसारको survey Data बमोजिम नक्शा/ लागत अनुमान यथाशिघ्र संशोधन गरी पठाईदिन अनुरोध गर्ने निर्णय बमोजिम मिति २०८१/०६/१० मा पत्राचार गरिएको र पटक पटक महानगर शहरी योजना आयोगले बोलाएका बखत उपस्थित भई छलफलमा सहभागी समेत भए पनि संशोधित डिजाइन/इष्टिमेट प्राप्त नभएको र निर्माण व्यवसायीको तर्फबाट साइट उपब्ध गराई दिन र क्षतिपूर्ति समेत माग गर्दै पत्राचार भईरहेको सन्दर्भमा मिति २०८१/११/२० मा महानगर उपप्रमुख सुनिता डंगोलज्यू सहित शहरी योजना आयोगका प्रतिनिधि, कानूनी सल्लाहकार, यस नगरपालिकाका का.वा. नगर प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षज्यूहरू, मानव सेवा आश्रमका प्रतिनिधिज्यू र प्राविधिक कर्मचारीहरूको संयुक्त रूपमा भएको स्थलगत भ्रमण पश्चात् महानगरपालिकाबाट उक्त स्थानमा आवश्यकता बमोजिमको निर्माण कार्य गर्न नसकिने निष्कर्ष सहित जग्गाको स्वामित्व समेत प्राप्त नहुँदा बजेट निकासामा समेत अप्ठेरो पर्ने हुँदा अन्य वैकल्पिक स्थानको खोजी गर्ने र हाललाई उक्त ठेक्का सम्झौता रद्द गर्ने तर्फ आवश्यक प्रक्रिया अगाडि बढाउन महानगरको तर्फबाट राय सुझाव भएको साथै सोही व्यहोराको पत्राचार हुने भनि निर्माण स्थलमा नै

छलफल भएकोमा हाल सम्म पनि सो सम्बन्धमा कुनै पत्र प्राप्त नभएको, तर निर्माण व्यवसायीको तर्फबाट भने काम गर्ने वातावरण मिलाई दिनु पर्ने वा ठेक्का तोड्ने तर्फ निर्णय हुन लगातार मौखिक तथा लिखित रूपमा आग्रह भई रहेको साथै निर्माण व्यवसायीलाई उपलब्ध गराईएको पेश्की वापतको रकम र कार्य सम्पादन वापतको बैंक जमानतको म्याद बिना अर्थ पटक पटक थप्नु परेको, थप गरिएको सतप्रतिशत म्याद पनि आगामी २०८२ साल असार मसान्तसम्म रहेको हुँदा क्षतिपूर्ति लगायतका दायित्वको जोखिम बढ्दै जाने देखिएकोले सो सम्बन्धमा आवश्यक निर्णय हुन अनिवार्य भएको हुँदा निर्माण व्यवसायी पक्षसँग छलफल गरी हाल सम्म भएको कामको मूल्यांकन बमोजिम भूक्तानी दिने र अग्रीम पेश्की वापत उपलब्ध गराईएको रकम फिर्ता गरी सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम ठेक्का रद्द गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १२**

यस नगरपालिका बसोबास गर्ने तपसिलमा उल्लेखित व्यक्तिहरूको आर्थिक अवस्था अत्यन्त कमजोर रहेको हुँदा स्वास्थ्य उपचार गर्न आर्थिक सहायता पाउँ भनि निवेदन दिएको हुँदा निवदेकको माग अनुसार १ पटकको लागि निम्न बमोजिमको आर्थिक सहयोग नागार्जुन नगरपालिकाको खर्च शिर्षक नं. २७२१९ को आर्थिक सहायता शिर्षकबाट खर्च हुने गरी निवेदकहरूलाई भुक्तानी दिने निर्णय गरियो ।

**तपसिल:**

| सि.नं. | नाम, थर | ठेगाना | रकम रू. | रोगको विवरण |
|---|---|---|---|---|
| १. | संजिव कुमार दानी | ना.न.पा. ८ | १०,००० | मानसिक बिरामी |
| २. | विकास नेपाली | ना.न.पा. ५ | १०,००० | सडक दुर्घटनाको बिरामी |

**निर्णय नं. १३**

यस नगरपालिका वडा नं. ७ स्थित बद्रिनारायण धाममा सम्माननीय राष्ट्रपतिज्यूको समुपस्थितिमा बद्रि नारायण भगवानका प्राण प्रतिष्ठा गर्ने महत्वपूर्ण कार्यक्रम रहेको हुँदा नगरपालिका स्थित संघ, संस्था, महिला समूह एवम् सम्पूर्ण नगरवासीलाई अनिवार्य उपस्थित हुन आह्वान गर्ने निर्णय गरियो ।

प्रदेश/ स्थानीय सरकारको छाप

म.ले.प.फारम नं: ३०४

स्थानीय तह

नागार्जुन नगरपालिका नगर कार्यपालिकाको कार्यालय

कार्यालय कोड नं.:

बजेट रकमान्तर / स्रोतान्तर/शीर्षकान्तर/ कार्यक्रम संशोधन विवरण

घटाउने:

| सि.नं. | कार्यक्रमको विवरण | बजेट उपशीर्षक नं | खर्च संकेत | स्रोत | रकम | अक्षरमा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | वडा नं. १ | | | | | | |
| १ | डिजिटल घर नं. राख्ने कार्य | | | | | | |
| | | ८०३३५४०८१०२ | २२५२२ | आन्तरिक स्रोत - नगद | ९९९००० | नौ लाख उनान्सय हजार | |
| | जम्मा | | | | ९९९००० | उन्नाईस लाख उनान्सय हजार | |
| | कुल जम्मा | | | | ९,९९,००० | उन्नाईस लाख उनान्सय हजार | |

बढाउने:

| सि.नं. | कार्यक्रमको विवरण | बजेट उपशीर्षक नं | खर्च संकेत | स्रोत | रकम | अक्षरमा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | वडा नं. १ | | | | | | |
| १ | कालो गेट भित्री सडक स्तरोन्नती | | | | | | |
| | | ८०३३५४०८१०२ | ३११५१ | आन्तरिक स्रोत - नगद | ९९९००० | नौ लाख उनान्सय हजार | |
| | जम्मा | | | | ९९९००० | उन्नाईस लाख उनान्सय हजार | |
| | कुल जम्मा | | | | ९९९००० | उन्नाईस लाख उनान्सय हजार | |

रकम रू..............................

नोट:

पेस गर्ने : ________

मिति : ________

दर्जा : ________

प्रमाणित गर्ने सहि : ________

मिति : ________

दर्जा : ________

LMBIS / प्रणालीमा अध्यावधिक गर्नेको सहि

मिति : ________